Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**मानवअधिकार स्थिति अद्यावधिक**
**मिति : ०७२ भदौ ३०**
**अन्तिम अपडेट : २१०० बजे**

## संविधानसभामार्फत संविधान बनाउने नेपालीको सपना पूरा हुँदै

संविधानसभाले नेपालको नयाँ संविधान-२०७२ दुई तिहाई बहुमतले पारित गरेको छ। असोज ३ गते अपरान्ह ५ बजे औपचारिक समारोहका बीच राष्ट्रपतिले नयाँ संविधान घोषणा गर्नेछन्। संविधानसभा सचिवालयले नेपाली कागजमा संविधानका केही प्रति प्रकाशन गर्ने र असोज १ गते सभासद्हरूले त्यसमा हस्ताक्षर गर्ने संविधानसभा सचिवालयले जनाएको छ । सभासद्हरूले वर्णानुक्रम अनुसार संविधानमा हस्ताक्षर गर्नेछन् । सभासदहरूको हस्ताक्षरपछि नेपालको संविधानलाई संविधानसभा अध्यक्ष सुवास नेम्वाङले प्रमाणिकरण गर्नेछन्। असोज ३ गते नयाँ संविधान जारी भएपछि संविधानसभामार्फत संविधान बनाउने नेपालीको ६५ वर्षदेखिको सपना पूरा हुनेछ।

### उल्लेख्य

- रुपन्देहीको बथेरीमा भदौ २९ गते भएको घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न इन्सेकले माग गरेको छ । इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा आन्दोलनमा प्रत्यक्ष सामेल नभएका सर्वसाधारणहरू बथेरी घटनामा पीडित भएको प्रारम्भिक निष्कर्ष रहेको भन्दै सो घटनाको न्यायोचित छानबिन गरी दोषीहरूलाई कारबाही गर्न तथा सर्वसाधारणको जिउधन र स्वतन्त्रताको भरपर्दो प्रबन्ध गर्न सरकारसँग माग गरिएको छ।
- रुपन्देहीको बेथरी घटनामा मारिने सबै सर्वसाधारण रहेको पाइएको छ । भदौ २९ गते बेलुका गाडी स्कर्टिङमा रहेको सशस्त्र प्रहरीले चलाएको गोलीबाट मारिने र घाइते हुनेहरू स्थानीय साप्ताहिक हाटबजारमा किनमेलका लागि आएका सर्वसाधारण रहेको जिल्ला सुरक्षा समितिको भदौ ३० गते बेलुका बसेको बैठकले निष्कर्ष निकालेको हो । घटनामा मृत्यु हुनेमा गोनाहा गाविस-६ का ४ वर्षीय चन्दनकुमार पटेल, सोही स्थानका ४० वर्षीय रामकुमार बरई, अर्का ४५ वर्षीय विनोद लाकौल र मर्चवार क्षेत्रको सिलौटिया गाविसकी १४ वर्षीया रञ्जना सिंह क्षेत्री रहेका छन्। यी मध्ये दुई बालकको घरमै बसेका बेला गोली लागेर मृत्यु भएको बताइएको छ। यसैगरी लाकौलको आफ्नै पसलमै बसेका बेला गोली लागेको थियो।
- महोत्तरीमा एक सातादेखि जारी कर्फ्यू भदौ ३० गते बिहान ६ देखि साँझ ४ बजेसम्मका लागि खुला गरिएपछि यहाँका जनजीवन सामान्य भएको छ। कर्फ्यू खुल्ला भएपछि बजारमा किनमेल गर्नेको चहलपहल बढेको छ भने सुनसान सडकमा साइकल र मोटरसाइकलमा ओहोरदोहोर गर्नेहरुको सङ्ख्या बाक्लो देखिएको छ।
- बारा प्रहरीले तमलोपाका सहमहामन्त्री जितेन्द्र सोनल र जिल्ला अध्यक्ष नवलकिशोर सिंहमाथि भदौ ३० गते सार्वजनिक अपराध मुद्दा लगाएको छ।
- नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नुपर्ने लगायत नौ बुँदे मागसहित आमरण अनसनमा बसेका राष्ट्रिय हिन्दु युवा मञ्च नेपालका कमलप्रसाद जोशी, प्रेमनिधि भरद्वाज, सागर कटुवाल र खेमनाथ आचार्यले आमरण अनसन तोडेका छन्।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline